# गण्डकी प्रदेशमा बीउ उत्पादन हुने विभिन्न बालीका जातहरूको जातीय विशेषताहरू




प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी, तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

## बीउ बिजन प्रयोगशाला

गण्डकी प्रदेश, पोखरा, कास्की



सुख्खा धान - ५



पोखेली जेठोबुढो



सावित्री



रामधान



सावा मनसुली सव-१



माछापुच्छ्रे - ३

# पोखे्रली जेठो बुढो

जारी (सूचिकृत) हुनु अघिको नाम : जेठोबुढो धान

सूचिकृत बर्ष : २०६३

सिफारिस क्षेत्र: पोखरा उपत्यका र यस आसपसका क्षेत्रहरू (६०० देखि ९०० मिटर उचाई)

**जातका गुण तथा विशेषताहरू:**



बिरूवाको प्रकृति : प्रति वर्ग मिटर बाला लाग्ने गाँज औषतमा १३८ वटा

अन्नको रंग : हल्का खैरो

फूल फुल्न लाग्ने दिनहरू : १५५ दिन

दानाको टुप्पामा धब्बा : कालो/बैजनी रंग

उत्पादकत्व : २.६ टन/हेक्टर

बाली पाक्ने समय : १८५ दिन

बोटको औसत उचाई : १६८ से.मी.

हजार दानाको तौल : २३ ग्राम



**प्रतिरोधी विशेषताहरू :** गवारो कम लाग्ने

पौष्टिक तथा अन्य गुण:

प्रोटिनको मात्रा : ८.३४

एमाइलोजको प्रतिशत : २३.६%

धानबाट निकालिएको चामलको प्रतिशत : ७१, सग्लो चामल: ७०.६%

चामलको वर्गीकरण : दाना छोटो र पातलो



**विशिष्ट गुणहरू:**

१. ढिलो पाक्ने र ढिलो पात सुक्ने ।

२. बेर्ना, फूल फुल्ने र पकाउने बेलामा बास्ना आउने ।

३. दाना मध्यम लामो तथा आंशिक टुडाँ हुने ।

# मकवानपुर १





सूचिकृत बर्ष : २०४४

सिफारिस क्षेत्र: ढुङ्से कीराको प्रकोप भएको तराई

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ४.३ टन/हेक्टर

बाली पाक्ने समय : १५० दिन

रोपण समय : आषाढको तेस्रो हप्तादेखि श्रावणको दोस्रो हप्तासम्म महिना

बोटको औसत उचाई : ११० से.मी.

हजार दानाको तौल : २५ ग्राम

**प्रतिरोधी विशेषताहरू :** ढुङ्से कीरा अवरोधी, केही हदसम्म डुवान सहन सक्ने

चामलको वर्गीकरण : मोटो

बाला खँदिलो हुने र भण्डे पात कोण मध्यम ठाडो हुने ।

# सेहराङ्ग सव-१



सूचिकृत बर्ष : २०७४

सिफारिस क्षेत्र: समुन्द्र सतहबाट ७०० मिटर उचाईसम्मको तराई, भित्री मधेस, नदी किनार, बँसी तथा समतल फाँट र उपत्यका सञ्चित क्षेत्र

**बालीका गुण तथा विशेषताहरू:**

फूल फुल्न लाग्ने दिनहरू : ९५ दिन

उत्पादकत्व : ४.४ टन/हेक्टर

बाली पाक्ने समय : १२५ दिन

रोपण समय : बैशाख अन्तिम हप्तादेखि श्रावण दोस्रो हप्तासम्म

बोटको औसत उचाई : १०५.२ से.मी.

हजार दानाको तौल : २१.७ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पानी जम्ने खालको जग्गामा पनि खेती गर्न उपयुक्त




**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : १०.०२

एमाइलोजको प्रतिशत : मध्यम %

धानबाट निकालिएको चामलको प्रतिशत : ६८%, सग्लो चामल: ४८%

चामलको वर्गीकरण : मध्यम मसिनो लामो

**विशिष्ट गुणहरू:**

१. हालसम्मका डुवान सहन सक्ने मध्ये सबैभन्दा छिटो पाक्ने मसिनो जात ।

२. बिरूवाको उचाइ मध्यम खालको ।

३. मध्यम मसिनो, भात नटाँसिने खालको भएकाले उपभोक्ताको रोजाइमा पर्ने ।

# लल्का वास्मती

सूचिकृत बर्ष : २०६६

सिफारिस क्षेत्र: मध्य तथा पूर्वी तराई

विविधताको प्रकार : Open Pollinated (खुला परागकण)

**बालीका गुण तथा विशेषताहरू:**

फूल फुल्न लाग्ने दिनहरू : १२९ दिन

उत्पादकत्व : ३.५ टन/हेक्टर

बाली पाक्ने समय : १५० दिन

रोपण समय : आषाढको तेस्रो हप्ता

बोटको औसत उचाई : १४० से.मी.

हजार दानाको तौल : १८.३३ ग्राम



**प्रतिरोधी विशेषताहरू :** ब्याक्टेरियल पात डढुवा र मरूवा रोग अवरोधी

अन्नको रंग : रातो

पौष्टिक तथा अन्य गुण:

प्रोटिनको मात्रा : ८%

एमाइलोजको प्रतिशत : २३.४%

धानबाट निकालिएको चामलको प्रतिशत : ७१.५%, सग्लो चामल: ६६%

चामलको वर्गीकरण : मसिनो

**विशिष्ट गुणहरू:**

१. दाना र पातबाट बास्ना आउने ।

२. बियाँको रङ रातो र बाला केही लामो हुने ।

# राधा - ४

सूचिकृत बर्ष : २०५२

सिफारिस क्षेत्र: मध्यपश्चिम र सुदुरपश्चिम तराई (कपिलवस्तु, दाङ, बर्दिया, बाँके, कैलाली र कञ्चनपुर)

**बालीका गुण तथा विशेषताहरू:**

फूल फुल्न लाग्ने दिनहरू : १०१ दिन

उत्पादकत्व : ३.२ टन/हेक्टर

बाली पाक्ने समय : १२५ दिन

रोपण समय : आषाढको तेस्रो हप्तादेखि श्रावणको तेस्रो हप्तासम्म, छरूवा विधिबाट पनि खेती गर्न सकिने ।

बोटको औसत उचाई : ९५ से.मी.

हजार दानाको तौल : २५.२ ग्राम

**प्रतिरोधी विशेषताहरू :** ब्याक्टेरियल पात डढुवा र मरूवा रोग अवरोधी, सुख्खा सहन सक्ने

चामलको वर्गीकरण : मोटो

# राधा-८

सूचिकृत बर्ष : २०४८

सिफारिस गरिएका क्षेत्रहरू : तराईको असिंचित क्षेत्र, मध्य पहाडको असिंचित क्षेत्र

**बालीका गुण तथा विशेषताहरू:**

फूल फुल्न लाग्ने दिनहरू : ११२-११८ दिन

उत्पादकत्व : उत्पादन क्षमता- ६ टन, सरदार उत्पादन- ३.५ टन/हेक्टर

बाली पाक्ने समय : १४५-१५० दिन

बोटको औसत उचाई : १३५-१४५ से.मी.

**प्रतिरोधी विशेषताहरू :** डढुवा र मरूवा रोग अवरोधक छ ।

चामलको वर्गीकरण : मोटो

# रामधान



सूचिकृत बर्ष : २०६३

सिफारिस क्षेत्र: तराई, भित्री मधेस (शिवालिक उपत्यका, मकवानपुर, चितवन र नवलपरासी)

**बालीका गुण तथा विशेषताहरू:**

फूल फुल्न लाग्ने दिनहरू : १०७ दिन

उत्पादकत्व : ७.२ टन/हेक्टर

बाली पाक्ने समय : १३७ दिन

रोपण समय : आषाढको पहिलो हप्तादेखि श्रावणको पहिलो हप्तासम्म (चैते धानको रूपमा पनि लगाउन सकिने)



बोटको औसत उचाई : १०५ से.मी.

हजार दानाको तौल : २१ ग्राम

**प्रतिरोधी विशेषताहरू :** ब्याक्टेरियल पात डढुवा र मरूवा रोग अवरोधी, सुख्खा सहन सक्ने

अन्नको रंग : सेतो
पौष्टिक तथा अन्य गुण:
प्रोटिनको मात्रा : ६.०५
एमाइलोजको प्रतिशत : २२.०८%
धानबाट निकालिएको चामलको प्रतिशत : ६८, सग्लो चामल: ५९%
चामलको वर्गीकरण : मसिनो लामो



**विशिष्ट गुणहरू:**

१. लामो बाला र चम्किलो सेतो पातलो दाना
२. गाँजको सरा फैलिएको हुन

## बाली: धान

**जात: सावित्री**

सूचिकृत बर्ष : २०३६
सिफारिस क्षेत्र: तराई र भित्रिमधेस
बाली पाक्न लाग्ने दिन: १२०
औषत उत्पादन: ४.० टन/हेक्टर
जातीय पहिचान सम्बन्धी विशेष गुणहरू (special identifying characters)



१. सेतो दाना, मध्यम उचाई ।
२. बाला राम्ररी फैलिएको हुने ।





# सुख्खा धान-१





सूचिकृत बर्ष : २०६८

सिफारिस क्षेत्रः पूर्वी तथा पश्चिमी तराई, भित्री मधेस तथा मध्यपहाडको ५०० मिटरसम्मको बेसी तथा टार

**बालीका गुण तथा विशेषताहरू:**

फूल फुल्न लाग्ने दिनहरू : ९५ दिन

उत्पादकत्व : ४.२ टन/हेक्टर

बाली पाक्ने समय : १२५ दिन

रोपण समय : आषाढको दोस्रो हप्तादेखि श्रावणको दोस्रो हप्तासम्म उपयुक्त हुने र छरूवा तरिकाबाट पनि खेती गरी सन्तोषजनक उत्पादन लिन सकिने ।

बोटको औसत उचाई : ९९.१ से.मी.

हजार दानाको तौल : २२ ग्राम

**प्रतिरोधी विशेषताहरू :** डाठको गवारो र खैरो फड्के कीरा सहन सक्ने, सुख्खा सहन सक्ने

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ९.५

एमाइलोजको प्रतिशत : ३५.७%

धानबाट निकालिएको चामलको प्रतिशत : ६६.८ सग्लो चामल: ४८.३ %

चामलको वर्गीकरण : मध्यम मसिनो

**विशिष्ट गुणहरू:**

१. बोट चाडै सुक्ने, मध्यम गाज भएको र छिटो पाक्ने ।

# सांवा मसुली सव-१



सूचिकृत बर्ष : २०६८

सिफारिस गरिएका क्षेत्रहरू : तराई, भित्री मधेस

**बालीका गुण तथा विशेषताहरूः**

फूल फुल्न लाग्ने दिनहरू : १२८ दिन

उत्पादकत्व : ४ टन/हेक्टर

बाली पाक्ने समय : १५० दिन



रोपण समय : आषाढको दोस्रो हप्तादेखि श्रावणको दोस्रो हप्तासम्म, छरूवा विधिबाट पनि खेती गर्न सकिने

बोटको औसत उचाई : ८२ से.मी.

हजार दानाको तौल : १३.१५ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पातको मरूवा र डढुवा रोग सहन सक्ने, डुवान सहन सक्ने

**पौष्टिक तथा अन्य गुणः**

प्रोटिनको मात्रा : १०.३

धानबाट निकालिएको चामलको प्रतिशत : ७०%, सग्लो चामलः ६४%

चामलको वर्गीकरण : मसिनो

**विशिष्ट गुणहरूः**

१. फिक्का हरियो बोट, सेतो र मसिनो दाना ।

२. बालामा दाना लागेपछि पनि पूरा नझुक्ने ।



# खुमल–११

सूचिकृत बर्ष : २०५८

**बालीका गुण तथा विशेषताहरू:**

फूल फुल्न लाग्ने दिनहरू : ९८ दिन

उत्पादकत्व : ८.५८५ टन/हेक्टर

बाली पाक्ने समय : १४४ दिन

रोपण समय : १५ वैशाखदेखि १५ जेष्ठसम्म

बोटको औसत उचाई : १०३ से.मी.

हजार दानाको तौल : २६.३३ ग्राम

**प्रतिरोधी विशेषताहरू :** ताइचुङ्ग १७६ को तुलनामा मरूवा रोग अवरोधक भएको ।

**पौष्टिक तथा अन्य गुण:**

धानबाट निकालिएको चामलको प्रतिशत : ७८.७८%

**विशिष्ट गुणहरू:**

चिउरा बनाउनको लागि राम्रो जात ।

## अरूण-२

सूचिकृत बर्ष : २०३९

सिफारिस क्षेत्र: तराई र मध्यपहाड





**यस जातका विशेषताहरू:**

पातको आकार : मझौला तथा आधा झुकेको

बीउको दानाको रंग : पहेंलो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : अर्ध बेलना तथा अर्ध सोली आकारको, टुप्पासम्म खोस्टाले छोपेको

धानचमराको रङ : रातो र सेतो मिश्रित

जुँगाको रङ : अमला रङ र गुलावी मिश्रित

पातको मूल नसाको रङ : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : २.२ टन/हेक्टर

बाली पाक्ने समय : ९० दिन

बोटको औसत उचाई : २०० से.मी.

हजार दानाको तौल : ३२१ ग्राम

**प्रतिरोधी विशेषताहरू :** सुख्खा सहन सक्ने, तातो सहन सक्ने (३८ डिग्री सेल्सीयससम्म)

बोटको फेदबाट घोगासम्मको उचाइ : १५१ से.मी.

५०% जुँगा निस्कन लाग्ने समय : ४५ दिन

**पौष्टिक तथा अन्य गुण:**

उपयोगको उपयुक्त तरिका : पोलेर खाने, बेबी कर्नको लागि सिफारिश गरिएको जात, आटो, ढिंडो खान सकिने, वर्षको तीन खेती गरिने ठाँउको लागि उपयुक्त ।

**विशिष्ट गुणहरू:**

१. बोट होचो हुने, नढल्ने ।

२. खोया २५ देखि ३० प्रतिशत रातो र बाँकी सेतो हुने ।

# अरूण-३

सूचिकृत बर्ष : २०७२

सिफारिस क्षेत्र: मध्यपश्चिमदेखि पूर्वको तराई, भित्री मधेस र मध्य पहाड, तराई र भित्री मधेसमा हिउँदे र वसन्ते तथा मध्य पहाडमा गृष्म ऋतुमा खेती गर्न सकिने ।

**यस जातका विशेषताहरू:**





पातको आकार : चौडा र अलिकति नुघेको

बीउको दानाको रंग : सेतो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : मध्यम

धानचमराको रङ : हल्का रातो र सेतो मिश्रित गुलावी

जुँगाको रङ : गुलावी र अमला मिश्रित

पातको मूल नसाको रङ : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ३.९ टन/हेक्टर

बाली पाक्ने समय : ९० दिन

बोटको औसत उचाई : १९४ से.मी.

हजार दानाको तौल : २९२.८ ग्राम

**प्रतिरोधी विशेषताहरू :**

पातको डढुवा रोग अवरोधी तथा डुवान, सुख्खा, चिसो, र तातो सहन सक्ने

बोटको फेदबाट घोगासम्मको उचाइ : १०५ से.मी.

५०% जुँगा निस्कन लाग्ने समय : ५४ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : १०.८३

च्याा ला र पीठोको अनुपात : ३.१:१

उपयोगको उपयुक्त तरिका : भुटेर, ढिंडो वा च्याँख्ला पकाएर, उसिनेर खान सकिने

**विशिष्ट गुणहरू:**

१. पात केही घुमेको हुन्छ ।

२. धानचमरामा धानको संख्या बाक्लो, जुँगा बैजनी रङ बिहीन हुन्छ ।

# देउती

सूचिकृत बर्ष : २०६३
सिफारिस क्षेत्र: मध्यपहाड

**यस जातका विशेषताहरू:**

पातको आकार : घुमेको
बीउको दानाको रंग : सेतो
बीजको प्रकार : थाप्लो अलिअलि कुच्चिएको
धानचमराको रङ : गुलावी रङ मिश्रित
जुँगाको रङ : फिक्का गुलावी





**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ५.७ टन/हेक्टर
बाली पाक्ने समय : १३५ दिन (मध्य पहाड), १५० दिन (उच्च पहाड) दिन
बोटको औसत उचाई : २४० से.मी.
**प्रतिरोधी विशेषताहरू** : पातको डढुवा रोग सहन सक्ने
बोटको फेदबाट घोगासम्मको उचाई : २४० से.मी.
५०% चमरा निस्कन लाग्ने समय : ७६ दिन
५०% जुँगा निस्कन लाग्ने समय : ७९ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ११.५
च्याँख्ला र पीठोको अनुपात : २:१
उपयोगको उपयुक्त तरिका : पोलेर, भुटेर, उसिनेर, च्याँख्ला, ढिंडो, र पशुपन्छीको दाना

**विशिष्ट गुणहरू:**

१. पाकी सकेपछि पनि बोट हरियै रहने, नढल्ने ।

# गुल्मी-२





सूचिकृत बर्ष : २०७१

सिफारिस क्षेत्रः गुल्मी र अर्घाखाँची जिल्लाको ७०० मिटर देखि १४०० मिटर उचाईको क्षेत्र

**यस जातका विशेषताहरूः**

पातको आकार : ९४.५ से.मी. लामो तथा ९.१ से.मी.

बीउको दानाको रंग : चम्किलो पहेंलो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : लामो र मोटो (लम्बाई १८.७ से.मी.)

**बालीका गुण तथा विशेषताहरूः**

उत्पादकत्व : ५.४ टन/हेक्टर

बाली पाक्ने समय : १२५ दिन

बोटको औसत उचाई : २८२ से.मी.

हजार दानाको तौल : ३८९ ग्राम

**प्रतिरोधी विशेषताहरु :** कम मलखादको प्रयोगमा पनि राम्रो उत्पादन दिने, पात थोप्ले, पात डढुवा, र बोट कुहिने रोग अवरोधी

बोटको फेदबाट घोगासम्मको उचाइ : १६१ से.मी.

५०% चमरा निस्कन लाग्ने समय : ६६ दिन

५०% जुँगा निस्कन लाग्ने समय : ७१ दिन

**पौष्टिक तथा अन्य गुणः**

प्रोटिनको मात्रा : १२.५५

उपयोगको उपयुक्त तरिका : पोलेर, भुटेर, आटो (च्याँख्ला) बनाएर

**विशिष्ट गुणहरूः**

१. मकै पाकी सक्दा पनि पात हरियै रहने ।

# खुमल हाइब्रिड मकै-२

सूचिकृत बर्ष : २०७१

सिफारिस क्षेत्र: मध्यपहाडी क्षेत्रमा वर्षा याममा र तराई तथा भित्रि मधेसमा हिउदे मौसममा

**यस जातका विशेषताहरू:**



पातको आकार : बेस्करी घुमेको

बीउको दानाको रंग : पहेंलो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : बेल्ना आकारको

धानचमराको रङ : हल्का रातो र सेतो मिश्रित गुलावी

जुँगाको रङ : रातो रातो मिश्रित

पातको मूल नसाको रङ : हरियो हरियो सेतो

**बालीका गुण तथा विशेषताहरू:**



उत्पादकत्व : ९.०८ टन/हेक्टर

बाली पाक्ने समय : १५२ दिन

बोटको औसत उचाई : २३२ से.मी.

हजार दानाको तौल : ३२०.६ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पातमा लाग्ने रोग gray leaf spot र northern leaf blight सहन सक्ने, परागसेचनको समयमा हल्का सुख्खा पनि सहन सक्ने

बोटको फेदबाट घोगासम्मको उचाइ : ११५. से.मी.

५०% चमरा निस्कन लाग्ने समय : ८३ दिन

५०% जुँगा निस्कन लाग्ने समय : ८६ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ७.३२

उपयोगको उपयुक्त तरिका : पोलेर, भुटेर, ढिंडो वा च्याँख्ला पकाएर, उसिनेर खान सकिने

**विशिष्ट गुणहरू:**

१. अन्य जातको तुलनामा यो जातको जुँगा छिटो विकास हुन्छ र लामो हुन्छ ।

२. कुनै कुनै घोगाको खोस्टाको टुप्पामा पात देखा पर्ने ।

३. मकै पाकिसकेपछि पनि पात हरियै रहने ।

# मनकामना-१

सूचिकृत बर्ष : २०४४

सिफारिस क्षेत्र: मध्यपहाड (हिउँदमा तराई क्षेत्रमा पनि लगाउन सकिने)

**यस जातका विशेषताहरू:**

पातको आकार : मझौला तथा आधा झुकेको





बीउको दानाको रंग : सेतो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : अर्ध बेलना तथा अर्ध सोली आकारको, टुप्पासम्म खोस्टाले छोपेको

धानचमराको रङ : गुलावी र सेतो मिश्रित

जुँगाको रङ : गुलावी र सेतो मिश्रित

पातको मूल नसाको रङ : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ४ टन/हेक्टर

बाली पाक्ने समय : १३० दिन

बोटको औसत उचाई : २१५ से.मी.

**प्रतिरोधी विशेषताहरु :** सेते रोग अवरोधी

बोटको फेदबाट घोगासम्मको उचाई : १०९ से.मी.

५०% जुँगा निस्कन लाग्ने समय : १०५ दिन

**पौष्टिक तथा अन्य गुण:**

च्याँख्ला र पीठोको अनुपात : २.५:१

उपयोगको उपयुक्त तरिका : पोलेर, भुटेर, उसिनेर, च्याँख्ला, तथा पिठो, आदि

**विशिष्ट गुणहरू:**

१. कस्सिएका घोगा ।

# मनकामना-३



सूचिकृत बर्ष : २०५९

सिफारिस क्षेत्रः पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका मध्य पहाडी क्षेत्र (१००० मिटरदेखि १७०० मिटरसम्मको उचाईको लागी)



**यस जातका विशेषताहरू:**

पातको आकार : मझौला तथा आधा घुमेको

बीउको दानाको रंग : दूधे सेतो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : अर्ध बेल्ना तथा अर्ध सोली आकारको, ठूलो र खोस्टाले टुप्पासम्म छोपेको

धानचमराको रङ : सेतो र गुलावी मिश्रित

जुँगाको रङ : पहेंलो र गुलावी मिश्रित

पातको मूल नसाको रङ : सेतो



**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ५.५ टन/हेक्टर

बाली पाक्ने समय : १४२ दिन

बोटको औसत उचाई : २३५ से.मी.

हजार दानाको तौल : ३७७ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पात डढ्ने तथा घोगा कुहिने रोग सहन सक्ने




बोटको फेदबाट घोगासम्मको उचाइ : १२१ से.मी.

५०% जुँगा निस्कन लाग्ने समय : ६८ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : १०.२

उपयोगको उपयुक्त तरिका : पोलेर, भुटेर, उसिनेर, च्याँख्ला, ढिंडो बनाएर, आदि

**विशिष्ट गुणहरू:**

१. कसिएका घोगा हुने ।

२. भाँच्ने बेलामा पनि हरियो रहने ।

# मनकामना-४

सूचिकृत बर्ष : २०६५

सिफारिस गरिएका क्षेत्रहरू : नेपालको पूर्वीदेखि पश्चिमसम्म मध्य पहाडको १६०० मिटरभन्दा तल

**यस जातका विशेषताहरू:**

पातको आकार : मझौला तथा आधा झुकेको

बीउको दानाको रंग : पहेंलो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : अर्ध बेल्ना तथा अर्ध सोली आकार

धानचमराको रङ : हल्का रातो तथा सेतो मिश्रित

जुँगाको रङ : हल्का रातो तथा सेतो मिश्रित

पातको मूल नसाको रङ : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ५.३ टन/हेक्टर

बाली पाक्ने समय : १४५ दिन

बोटको औसत उचाई : १७० से.मी.

हजार दानाको तौल : ३५९ ग्राम

**प्रतिरोधी विशेषताहरू :** खैरो धब्बे रोग सहन सक्ने

बोटको फेदबाट घोगासम्मको उचाइ : १३१ से.मी.

५०% चमरा निस्कन लाग्ने समय : ५६ दिन

५०% जुँगा निस्कन लाग्ने समय : ७३ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ९.४४

च्याँख्ला र पीठोको अनुपात : २.०७:१

उपयोगको उपयुक्त तरिका : कर्न फ्लेक्सको लागि उपयुक्त, पोलेर, भुटेर, च्याँख्ला, पिठो, आटो

**विशिष्ट गुणहरू:**

मोटो डाठ हुने, नढल्ने ।

# मनकामना-७

सूचिकृत बर्ष : २०७४

सिफारिस गरिएका क्षेत्रहरू : मध्य पहाडको समुन्द्र सतहदेखि ७००-१६०० मिटर उचाईसम्म

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : सेतो

बीजको प्रकार : दानाको तालु नथेप्चेको

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : औसत ६.४५८ टन/हेक्टर

बाली पाक्ने समय : १५८ दिन

बोटको औसत उचाई : २३९ से.मी.

हजार दानाको तौल : ३४१ ग्राम

**प्रतिरोधी विशेषताहरू :** जैविक: कीराहरू जस्तै गवारो र फौजी कीरा र रोगहरू जस्तै पात डडुवा, ढाठ कुहिने रोग र पातमा लाग्ने खैरे थोप्ले रोगको लागि केही हदसम्म प्रतिरोधक छ । अजैविक: माथिलो भेगको सिँचाइ नहुने क्षेत्र तथा बारीको लागि उपयुक्त हुन्छ र चिस्यान पनि सहन सक्छ।

बोटको फेदबाट घोगासम्मको उचाइ : १२२ (अनुसन्धान केन्द्रमा) ११५.१ (किसानकोमा) से.मी.

५०% जुँगा निस्कन लाग्ने समय : ७९ दिन

पौष्टिक तथा अन्य गुण:

प्रोटिनको मात्रा : ९.३५

**विशिष्ट गुणहरू:**

सेतो, दानको तालु नथेप्चेको ।

# पोसिलो मकै-२

सूचिकृत बर्ष : २०७४

सिफारिस गरिएका क्षेत्रहरू : तराई, भित्री मधेसको समुन्द्र सतहदेखि ८०० मिटरसम्म (वर्षे तथा हिउँदे सिजनको लागि) र मध्य पहाडको समुन्द्र सतहदेखि ८००-१८०० मिटर उचाईसम्म (वर्षे सिजनको लागि)

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : पहेँलो

बीजको प्रकार : दानाको तालु नथेप्चेको,

घोगाको बनावट : Conico–cylindrical

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ४.५ टन/हेक्टर

बाली पाक्ने समय : १२० (वर्खे) १६० (हिउदे) दिन

बोटको औसत उचाई : २४० से.मी.

हजार दानाको तौल : २९२ ग्राम

**प्रतिरोधी विशेषताहरू :** जैविकः पातमा लाग्ने मुख्य रोगहरू जस्तै टर्सिकम पात डडुवा, खैरो पात डडुवा रोग केही हदसम्म प्रतिरोधक क्षमता हुन्छ । मकैको गवारोले कम क्षति गर्दछ । अजैविकः तात, सुक्खा र कम वर्षामा पनि लगाउन सकिन्छ तर उत्पादन भने कम हुन्छ।

बोटको फेदबाट घोगासम्मको उचाइ : १३० से.मी.

५०% चमरा निस्कन लाग्ने समय : ७१ (बर्खे) १०५ (हिउँदे) दिन

५०% जुँगा निस्कन लाग्ने समय : ७४ (बर्खे) ११० (हिउँदे) दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ९.२९५ ।

# रामपुर कम्पोजिट




सूचिकृत बर्ष : २०३२

सिफारिस क्षेत्रः तराई भित्रिमधेस, बेंसी र मध्यपहाड

**यस जातका विशेषताहरूः**

पातको आकार : मझौला तथा आधा झुकेको

बीउको दानाको रंग : पहेंलो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : अर्ध बेलना तथा अर्ध सोली आकारको

धानचमराको रङ : गुलावी र सेतो मिश्रित

जुँगाको रङ : गुलावी र सेतो मिश्रित

पातको मूल नसाको रङ : सेतो



**बालीका गुण तथा विशेषताहरूः**

उत्पादकत्व : ४.४ टन/हेक्टर

बाली पाक्ने समय : ११५ दिन

बोटको औसत उचाई : २२० से.मी.

हजार दानाको तौल : ३८९ ग्राम

**प्रतिरोधी विशेषताहरू :** सेते रोग सहन सक्ने

बोटको फेदबाट घोगासम्मको उचाई : १०८ से.मी.

५०% जुँगा निस्कन लाग्ने समय : ५५ दिन

**पौष्टिक तथा अन्य गुणः**

उपयोगको उपयुक्त तरिका : पोलेर, भुटेर, पिठो, आटो तथा उसिनेर

**विशिष्ट गुणहरूः**

कस्सिएका घोगा र चम्किलो पहेंलो दाना ।

# रेसुङ्गा कम्पोजिट

सूचिकृत बर्ष : २०७१

सिफारिस क्षेत्रः मध्य तथा पश्चिमाञ्चल क्षेत्रको ७०० देखि १४०० मिटर उचाईको पहाडी क्षेत्र

**यस जातका विशेषताहरू:**

पातको आकार : १०१.६ से.मी. लामो तथा १०.१ से.मी. चौडा घुमेको पात

बीउको दानाको रंग : पहेंलो

बीजको प्रकार : थाप्लो नकुच्चिएको

घोगाको बनावट : लामो र मोटो (लम्बाई १७ से.मी.)

**बालीका गुण तथा विशेषताहरू:**



उत्पादकत्व : ५.२ टन/हेक्टर

बाली पाक्ने समय : १२७ दिन

बोटको औसत उचाई : २६० से.मी.

हजार दानाको तौल : ३७८ ग्राम

**प्रतिरोधी विशेषताहरू :** बोट दह्रो हुने र सितिमिति नढल्ने



बोटको फेदबाट घोगासम्मको उचाइ : १४९ से.मी.

५०% चमरा निस्कन लाग्ने समय : ६५ दिन

५०% जुँगा निस्कन लाग्ने समय : ६९ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : १२.२६

उपयोगको उपयुक्त तरिका : पोलेर, भुटेर, आटो (च्याँख्ला) बनाएर

**विशिष्ट गुणहरू:**

१. मकै पाकीसक्दा पनि पात हरियै रहने ।

२. तल माथि नभै समान उचाइमा घोगा लाग्ने ।

# आदित्य

सूचिकृत बर्ष : २०६६

सिफारिस गरिएका क्षेत्रहरू : तराई, टार र ५०० मिटरसम्मको उपत्यका




**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : गेरू

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : मध्यम

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : मध्यम

बालाको चमकपन : मध्यम

दानाको आकार : लाम्चो

बालाको किसिम : समानान्तर

पाकेको समयमा बालाको रंग : सेतो




**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ४.७९ टन/हेक्टर

बाली पाक्ने समय : ११८ दिन

बोटको औसत उचाई : ९६ से.मी.

हजार दानाको तौल : ४५ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पाते र पहेंलो सिन्दुरे रोग अवरोधी, बाला लागि सकेपछि चल्ने तातो हावा सहन सक्ने, बारोन कम भएको माटोमा पनि राम्रो उत्पादन दिने

गाँजको संख्या : २५५

बाला निस्कने दिन : ७५ दिन

पौष्टिक तथा अन्य गुण:

प्रोटिनको मात्रा : ११.९७



**विशिष्ट गुणहरू:**

१. चिल्लो खदिलो बाला ।

२. ठूलो सेतो रङ्को पुष्ट दाना ।

३. अन्य जात भन्दा छिटो पाक्न ।

# बाणगंगा

सूचिकृत बर्ष : २०७३ (२०१६)
सिफारिस क्षेत्रः तराई, टार, होचो उपत्यका ७०० मिटरसम्मको उचाईमा सिंचित र अर्ध सिंचित क्षेत्रको लागी ।

**यस जातका विशेषताहरू:**

चामलको चमक : Medium
बीउको दानाको रंग : गेरू
झण्डे पातको बाहृय कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : हुँदैन
झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : गाढा
बालाको चमकपन : मध्यम
दानाको आकार : अण्डाकार
बालाको किसिम : टुप्पातिर साँघुरिंदै गएको
पाकेको समयमा बालाको रंग : सेतो



**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ३.३ टन/हेक्टर
बाली पाक्ने समय : ११० दिन
बोटको औसत उचाई : ८७ से.मी.
हजार दानाको तौल : ५१.१ ग्राम

**प्रतिरोधी विशेषताहरू :** गहुँका मुख्य मुख्य रोग अवरोधी, असिंचित क्षेत्रमा पनि राम्रो उत्पादन दिने, ढिलो छर्दा पनि उत्पादन धेरै नघट्ने
गाँजको संख्या : २२८
बाला निस्कने दिन : ६८ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ९.३९
चोकरको प्रतिशत : ३७.१%
सुख्खा ग्लुटिनको प्रतिशत : ८.८७%

**विशिष्ट गुणहरू:**

गाढा हरियो रङको चौडा र लामो झण्डेपात ।

# भृकुटी





सूचिकृत बर्ष : २०५१

सिफारिस क्षेत्रः तराई, टार र १००० मिटरसम्म उचाई भएका उपत्यकाहरू

**यस जातका विशेषताहरूः**

बीउको दानाको रंग : सेतो

दानाको आकार : मध्यम लाम्चो

पाकेको समयमा बालाको रंग : सेतो

**बालीका गुण तथा विशेषताहरूः**

उत्पादकत्व : ५ टन/हेक्टर

बाली पाक्ने समय : १२० दिन

बोटको औसत उचाई : ८५ से.मी.

हजार दानाको तौल : ४४ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पाते र पहेंलो सिन्दुरे तथा डढुवा रोग अवरोधी, उच्च तापक्रम सहन सक्ने भएकोले ढिलो लगाउँदा पनि राम्रो उत्पादन दिने ।

गाँजको संख्या : २७१

बाला निस्कने दिन : ७८ दिन

**विशिष्ट गुणहरूः**

१. रातो बाह्य कर्ण (auricle) सहितको गाढा हरियो पात ।

# विजय

सूचिकृत बर्ष : २०६७

सिफारिस गरिएका क्षेत्रहरू : तराई, टार र ५०० मिटरसम्मको उपत्यका

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : सेतो

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : हुँदैन, सेतो हुन्छ

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : न्यून

बालाको चमकपन : न्यून

दानाको आकार : अण्डाकार

बालाको किसिम : फेद र टुप्पामा साघुरो तथा बिचमा फुकेको

पाकेको समयमा बालाको रंग : सुनौलो पराले

**बालीका गुण तथा विशेषताहरू:**



उत्पादकत्व : ४.४५ टन/हेक्टर

बाली पाक्ने समय : १२३ दिन

बोटको औसत उचाई : ९८ से.मी.

हजार दानाको तौल : ५०.५ ग्राम

**प्रतिरोधी विशेषताहरू :** माटोमा बोरोनको कमी भए पनि सहन सक्ने, उच्च तापक्रम सहन सक्ने र तीव्र गतिमा दाना भरिने क्षमता भएको, ढिलो गरी छर्दा पनि राम्रो उत्पादन दिने, UG99 अवरोधी भनि चिनिएको पहिलो जात ।

गाँजको संख्या : २७२

बाला निस्कने दिन : ७७ दिन

पौष्टिक तथा अन्य गुण:

प्रोटिनको मात्रा : १२.७

**विशिष्ट गुणहरू:**

१. यसको बालाको आकार fusifrom भएको र lower glume beak length अति छोटो भएको हुनाले अन्य जातबाट छुट्टाउन सजिलो हुने ।

२. Lower glume shoulder width. अन्य जातको तुलनामा चौडा भएका ।

# डाँफे




सूचिकृत बर्ष : २०७२

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : फिक्का गेरू

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : हुँदैन, सेतो हुन्छ

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : मध्यम

बालाको चमकपन : न्यून

दानाको आकार : अण्डाकार

बालाको किसिम : टुप्पातिर साँघुरिंदै गएको (tapering)

पाकेको समयमा बालाको रंग : सेतो

बालीका गुण तथा विशेषताहरू:

उत्पादकत्व : ४.४८ टन/हेक्टर

बाली पाक्ने समय : १७० दिन

बोटको औसत उचाई : ९६.८ से.मी. :

हजार दानाको तौल : ४७ ग्राम

**प्रतिरोधी विशेषताहरू :** माटोमा बोरोनको मात्रा कम भए पनि सहन सक्ने

गाँजको संख्या : २८६

बाला निस्कने दिन : १२२ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : १०.४

चोकरको प्रतिशत : ३७.६%

सुख्खा ग्लुटिनको प्रतिशत : ९.३%

**विशिष्ट गुणहरू:**

१. पात ठाडो र बढी चिल्लो, बालाको डाँठको टुप्पो थोरै बाङ्गो ।

२. लामो झण्डेपात (३३.३ से.मी.), भुवादार र घुमेको बाह्य कण ।

# धौलागिरी



सूचिकृत बर्ष : २०६९

सिफारिस गरिएका क्षेत्रहरू : मध्य पहाड, पहाड/उच्च पहाड

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : गेरू

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : मध्यम

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : मध्यम



बालाको चमकपन : न्यून

दानाको आकार : अण्डाकार

बालाको किसिम : फेद र टुप्पामा साघुरो तथा बिचमा फुकेको

पाकेको समयमा बालाको रंग : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ४.९ टन/हेक्टर

बाली पाक्ने समय : १५६ दिन

बोटको औसत उचाई : १०६ से.मी.

हजार दानाको तौल : ४५.३ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पहेंलो तथा कालो सिन्दुरे रोग अवरोधी, पात डढुवा कम लाग्ने, दाना नलाग्ने समस्या नआउने, र केही हदसम्म तातो हावा सहन सक्ने ।

गाँजको संख्या : २१४

बाला निस्कने दिन : ११२ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ९.१४

चोकरको प्रतिशत : २५.८%

सुख्खा ग्लुटिनको प्रतिशत : १०.४२%

**विशिष्ट गुणहरू:**

१. बाह्य कर्णमा झुस नभएको ।

२. WK १२०४ मा भुस र बाह्य कर्णको रङ सेतो हुने गरेकोमा यो जातमा खैरो हुने ।

# गौतम

सूचिकृत बर्ष : २०६१

सिफारिस क्षेत्र: तराई, टार तथा ५०० मिटरभन्दा कम उचाई भएको उपत्यका






**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : गेरू

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : न्यून

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : नगण्य वा हुँदै नहुने

बालाको चमकपन : नगण्य वा हुँदै नहुने

दानाको आकार : लाम्चो

बालाको किसिम : फेद र टुप्पामा साँघुरो तथा बिचमा फुकेको

पाकेको समयमा बालाको रंग : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ३.४ टन/हेक्टर

बाली पाक्ने समय : ११९ दिन

बोटको औसत उचाई : ९५ से.मी.

हजार दानाको तौल : ४४ ग्राम

**प्रतिरोधी विशेषताहरू :** माटोमा बोरोनको कमी भए पनि सहन सक्ने, उच्च तापक्रम सहन सक्ने, पश्चिमा तातो हावा सहन सक्ने, पहेंलो र पाते सिन्दुरे तथा डढुवा रोग अवरोधी ।

गाँजको संख्या : २४०

बाला निस्कने दिन : ७६ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : १४.५९

सुख्खा ग्लुटिनको प्रतिशत : ८.४९%

**विशिष्ट गुणहरू:**

१. बाला पाक्ने बेलामा पनि बोट हरियै देखिने ।

२. बाह्य कर्ण (auricle) गुलावी रङको हुन ।

# खजुरा ड्युरम-१

सूचिकृत बर्ष : २०७४

सिफारिस क्षेत्रः समुन्द्र सतहदेखि ५०० मिटर उचाईसम्मका दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका सिंचित षेत्र

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : गेरू

दानाको आकार : इदयिलन

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : सरदर ४.८६२ अधिकतम (६.२२२) टन/हेक्टर

बाली पाक्ने समय : १२६ दिन

बोटको औसत उचाई : ९८ से.मी.

हजार दानाको तौल : ४६.४ ग्राम

**प्रतिरोधी विशेषताहरू :** जैविकः यो जातले कुनै पनि सिन्दुरे रोगहरू (कालो, खैरो, पहेंलो), धुलेढुसी जस्ता रोगहरू अवरोधि छ। अजैविकः यो जातले सुख्खा खप्न सक्छ।

गाँजको संख्या : ६ प्रति बोट

पौष्टिक तथा अन्य गुणः

प्रोटिनको मात्रा : ११.२५ (दानामा) १०.२ (पिठोमा)

**विशिष्ट गुणहरू:**

१. हालसम्म नेपालमा ड्युरम गँहुको खेती नगरेको र कुनै पनि जात सिफारिस नभएको ।
२. ड्युरम गँहुका परिकारहरू, पिठो तथा अन्न पनि धेरै मात्रामा आयात हुने भएकाले ।
३. २००७ देखि हाल सम्म अनवरत रूपमा परीक्षण गर्दा राम्रो भएकोले ।

# नेपाल २९७

सूचिकृत बर्ष : २०४२

सिफारिस क्षेत्र: तराई

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : सेतो

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : हुँदैन

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : मध्यम

बालाको चमकपन : न्यून

दानाको आकार : लाम्चो

बालाको किसिम : फेद र टुप्पामा साँघुरो तथा बिचमा फुकेको

पाकेको समयमा बालाको रंग : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ५ टन/हेक्टर

बाली पाक्ने समय : ११७ दिन

बोटको औसत उचाई : ९० से.मी.

हजार दानाको तौल : ४० ग्राम

**प्रतिरोधी विशेषताहरू :** ढिलो लगाउँदा पनि राम्रो उत्पादन दिनुको साथै अन्य जातको तुलनामा यसलाई असिनाले कम क्षति पुऱ्याउने । **हाल यो जातले सिन्दुरे रोग अवरोधी क्षमता गुमाएकाले नलगाउन सिफारिस गरिन्छ ।**

गाँजको संख्या : २४५

बाला निस्कने दिन : ७२ दिन

**विशिष्ट गुणहरू:**

१. बाला ठूलो हुने र बालाबाट सजिलै नझर्ने ।

# एन एल ९७१



सूचिकृत बर्ष : २०६६

सिफारिस गरिएका क्षेत्रहरू : तराई, टार र ५०० मिटरसम्मको उपत्यका

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : गेरू

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : मध्यम

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : मध्यम

बालाको चमकपन : मध्यम




दानाको आकार : लाम्चो

बालाको किसिम : फेद र टुप्पामा साघुरो तथा बिचमा फुकेको

पाकेको समयमा बालाको रंग : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ४.५३ टन/हेक्टर

बाली पाक्ने समय : १२२ दिन

बोटको औसत उचाई : ९५ से.मी.

हजार दानाको तौल : ४२ ग्राम

**प्रतिरोधी विशेषताहरू :** पाते र पहेंलो सिन्दुरे रोग अवरोधी, उच्च तापक्रम सहन सक्ने र तीव्र गतिमा दाना भरिने क्षमता भएको ।

गाँजको संख्या : २५०

बाला निस्कने दिन : ८१ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : १२.६

**विशिष्ट गुणहरू:**

१. बिरूवाको शुरू अवस्थामा प्रशस्त गाज आउने भएकाले झारपात समेत नियन्त्रण हुने ।

२. उच्च तापक्रम र तातो हावा चल्दा समेत पात हरियै रहने ।

# स्वर्गद्वारी

सूचिकृत बर्ष : २०७३

सिफारिस क्षेत्र: मध्य तथा उच्च पहाड (७०० देखि १४०० मिटरसम्म) सिंचित तथा अर्ध सिंचित क्षेत्रको लागी ।





**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : गेरू

झण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : हुँदैन तर बाह्य कर्ण ठूलो हुन्छ ।

झण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : मध्यम

बालाको चमकपन : न्यून

दानाको आकार : अण्डाकार

बालाको किसिम : समानान्तर

पाकेको समयमा बालाको रंग : सेतो

**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ४.४ टन/हेक्टर

बाली पाक्ने समय : १२० दिन

बोटको औसत उचाई : ८१ से.मी.

हजार दानाको तौल : ४७ ग्राम

**प्रतिरोधी विशेषताहरू :** माटोमा बोरोनको मात्रा कम (५ पिपिएम भन्दा थोरै) भए पनि सहन सक्ने

गाँजको संख्या : २१६

बाला निस्कने दिन : १६३ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ११.२

चोकरको प्रतिशत : ४०.२%

सुख्खा ग्लुटिनको प्रतिशत : ९.२४%

**विशिष्ट गुणहरू:**

१. गाढा हरियो रङको चौडा र लामो झण्डेपात ।

२. बाली पाक्ने बेलासम्म पनि बोट हरियै रहने ।

# तिलोत्तमा

सूचिकृत बर्ष : २०७२

सिफारिस क्षेत्रः तराई र भित्री मधेसको सिंचित तथा अर्ध सिंचित क्षेत्र ।

**यस जातका विशेषताहरू:**

बीउको दानाको रंग : गेरू

भण्डे पातको बाह्य कर्ण (औरिकल) मा बैजनी रंगको उपस्थिति : मध्यम

भण्डेपातको दापको चमकपन (ग्लाउकोसिटि) : मध्यम




बालाको चमकपन : न्यून

दानाको आकार : लाम्चो

बालाको किसिम : टुप्पातिर साँघुरिंदै गएको (tapering)

पाकेको समयमा बालाको रंग : सेतो






**बालीका गुण तथा विशेषताहरू:**

उत्पादकत्व : ३.२ टन/हेक्टर

बाली पाक्ने समय : १२० दिन

बोटको औसत उचाई : ९६ से.मी.

हजार दानाको तौल : ३८ ग्राम

**प्रतिरोधी विशेषताहरू :** सुख्खा र ढिलो छराइमा अरू जातभन्दा राम्रो उत्पादन दिने, दाना नलाग्ने समस्या देखा नपर्ने, तथा बढी तापक्रम सहन सक्ने ।

गाँजको संख्या : २३५

बाला निस्कने दिन : ८४ दिन




उन्मोचन हुनु पूर्व दिइएको नाम NL1073

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ९.३

चोकरको प्रतिशत : ३५.९%

सुख्खा ग्लुटिनको प्रतिशत : १०.६%

**विशिष्ट गुणहरू:**

१. चिल्लो र टुप्पो सुकेको भण्डेपात ।

२. सुख्खा तथा प्रतिकूल अवस्थामा पात र पातको आवरण चिल्लो (waxy) देखिने ।

# विकास

सूचिकृत बर्ष : २०४६
सिफारिस क्षेत्र: मध्यमाञ्चल देखि
सुदुरपश्चिमाञ्चलसम्मको तराई र भित्री मधेस ।

**यस जातका विशेषताहरू:**

- प्रति कोषा दाना संख्या : १५-२०
- अन्नको रंग : खैरो
- दानाको आकार : मध्यम

**बालीका गुण तथा विशेषताहरू:**

- बोटको औसत उचाई : ९०-१२० से.मी.
- हजार दानाको तौल : ३-३.२५ ग्राम

**प्रतिरोधी विशेषताहरू :** लाही कीरा कम लाग्ने । Alternaria Blight र White Rust सहन सक्ने ।
बाली पाक्ने समय : ९० दिन
उत्पादकत्व : १ (अधिकतम १.३) टन/हेक्टर
पचास प्रतिशत फूल फुल्न लाग्ने समय : ३०-३५ दिन

**पौष्टिक तथा अन्य गुण:**

तेल प्राप्ती : ५४ प्रतिशत ton hector

**विशिष्ट गुणहरू:**

बढी मलको प्रयोग गरेपनि विरूवा ढल्दैन र धेरै उत्पादन लिन सकिन्छ ।

# मोरङ्ग तोरी - २

सूचिकृत बर्ष : २०७०
सिफारिस गरिएका क्षेत्रहरू : तराई तथा मध्य तराई

**यस जातका विशेषताहरू:**

कोषाको लम्बाई : ५ से.मी.
प्रति कोषा दाना संख्या : १८
अन्नको रंग : फिक्का पहेंलो पहेंलो रातो
दानाको आकार : गोलो
बयस्क बिरूवाको पातको आकार : झुण्डिएको, झण्डे पात

**बालीका गुण तथा विशेषताहरू:**

बोटको औसत उचाई : ८६.३ से.मी.
हजार दानाको तौल : २.९४ ग्राम

**प्रतिरोधी विशेषताहरू :** लामो जरा (१०३ से.मी.) भएकोले सुख्खा सहन सक्ने
बाली पाक्ने समय : ८३ दिन
उत्पादकत्व : ०.९ टन/हेक्टर

पचास प्रतिशत फूल फुल्न लाग्ने समय : २९ दिन

**पौष्टिक तथा अन्य गुण:**

तेल प्राप्ती : ४१.३६

**विशिष्ट गुणहरू:**

१. छिटो पाक्ने, धेरै हागा लाग्ने र मध्यमदेखि अग्लो बोट ।

# प्रिति

सूचिकृत बर्ष : २०६२

सिफारिस गरिएका क्षेत्रहरू : तराई, भित्री मधेस र कम उचाई भएको उपत्यकाको असिंचित क्षेत्र

**यस जातका विशेषताहरू:**

प्रति कोषा दाना संख्या : १४

अन्नको रंग : गाढा खैरो

दानाको आकार : गोलो

**बालीका गुण तथा विशेषताहरू:**

बोटको औसत उचाई : ८२ से.मी.

हजार दानाको तौल : २.८ ग्राम

बाली पाक्ने समय : ८३ (७५-१०२) दिन

उत्पादकत्व : १.२६७ टन/हेक्टर

पचास प्रतिशत फूल फुल्न लाग्ने समय : २६ दिन

**पौष्टिक तथा अन्य गुण:**

तेल प्राप्ती : ४६.०६

# सुर्खेत स्थानीय तोरी - ३

सूचिकृत बर्ष : २०७१

सिफारिस क्षेत्र: मध्य पश्चिमका तराई जिल्लाहरू बाँके, बर्दिया, दाङ, मध्यपहाडका सुर्खेत, दैलेख, सल्यान र भेरी नदी किनारका क्षेत्रहरू ।

**यस जातका विशेषताहरू:**

कोषाको लम्बाई : ४.४५ से.मी.

प्रति कोषा दाना संख्या : १३

अन्नको रंग : फिक्का पहेंलो पहेंलो रातो

बीजदलदेखि जमीनसम्मको काण्ड (hypocotyl) को रंग : हरियो सेतो
बिरूवा अवस्थामा पातको रंग : फिक्का हरियो
बयस्क बिरूवाको पातको आकार : मध्यम
बयस्क बिरूवाको पातको रंग : मध्यम हरियो
फूलको रंग : पहेंलो
दानाको आकार : गोलो

**बालीका गुण तथा विशेषताहरू:**

बोटको औसत उचाई : ७९ से.मी.
हजार दानाको तौल : २.२५ ग्राम
**प्रतिरोधी विशेषताहरू :** डढुवा र लाही कीरा कम लाग्ने
बाली पाक्ने समय : १०० दिन
उत्पादकत्व : ०.९०५ टन/हेक्टर
पचास प्रतिशत फूल फुल्न लाग्ने समय : ३० दिन
पौष्टिक तथा अन्य गुणः
तेल प्राप्ती : ४५.८

**विशिष्ट गुणहरू:**

१. हाँगा फेदको नजिकैबाट आउने र बोट तुलनात्मक रूपमा होचो ।
२. मूख्य हाँगा तिर झपक्क कोषा लाग्ने, तुलनात्मक रूपमा कोषाहरू बोटको टुप्पासम्म लाग्ने र चाँडो पाक्ने ।

## उन्नति

सूचिकृत बर्ष : २०६२
सिफारिस गरिएका क्षेत्रहरू : तराई, भित्री मधेस र कम उचाई भएको उपत्यकाको असिंचित क्षेत्र

**यस जातका विशेषताहरू:**

प्रति कोषा दाना संख्या : १३
अन्नको रंग : गाढा खैरो
दानाको आकार : गोलो

**बालीका गुण तथा विशेषताहरू:**

बोटको औसत उचाई : ८१ से.मी.
हजार दानाको तौल : २.९५ ग्राम
बाली पाक्ने समय : ८६ दिन
उत्पादकत्व : १.०४४ टन/हेक्टर
५०% फूल फुल्न लाग्ने समय : ३२ दिन
पौष्टिक तथा अन्य गुणः
तेल प्राप्ती : ४६.६६

# आकाश

सूचिकृत बर्ष : २०४६

सिफारिस गरिएका क्षेत्रहरू : तराई, भित्री मधेस

**यस जातका विशेषताहरू:**

कोषाको रंग : हल्का सेतो (कलिलो कोसको रंग)

अन्नको रंग : खैरो

फूलको रंग : बैजनी

दानाको आकार : मझौला

**बालीका गुण तथा विशेषताहरू:**

बोटको विशेषता : होचो बोट हुने जात

बोटको औसत उचाई : ४१ से.मी.

हजार दानाको तौल : १४७ ग्राम

**प्रतिरोधी विशेषताहरू :** लाही, पतेरो र फड्के कीराहरू कम लाग्छन् । पात डढुवा र web blight रोग सहन सक्ने क्षमत हुन्छ ।

बाली पाक्ने समय : ७३ दिन

उत्पादकत्व : उत्पादन क्षमता- २.४१३, सरदर उत्पादन- ०.९५९ टन/हेक्टर

पचास प्रतिशत फूल फुल्न लाग्ने समय : ४५ दिन

**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : ३२.१३

**विशिष्ट गुणहरू:**

१. सिंचित तथा असिञ्चित दुवै अवस्थामा खेति गर्न उपयुक्त हुन्छ ।

२. होचो जातको भएकोले टेका बिना खडा रहन्छ ।

# गाजले बोडी

सूचिकृत बर्ष : २०७३

सिफारिस क्षेत्र: समुन्द्र सतहबाट १२०० मिटर सम्मको तराई भित्री मधेस र मध्य पहाड

**यस जातका विशेषताहरूः**

कोषाको रंग : फिक्का रातो रातो

अन्नको रंग : सेतो, आँखाको रङ निलोदेखि कालो

बयस्क बिरूवाको पातको आकार : टुप्पाको साना पात गुमोज आकार

बयस्क बिरूवाको पातको रंग : गाढा हरियो

फूलको रंग : बाहिर पहेंलो र भित्र सेतो

दानाको आकार : मृगौला आकारको

**बालीका गुण तथा विशेषताहरूः**

प्रति बिरूवा कोषा संख्या : ११

प्रति कोषा दाना संख्या : १४

बोटको औसत उचाई : ६२ से.मी.

हजार दानाको तौल : १५० ग्राम

**प्रतिरोधी विशेषताहरू :** पहेंलो मोजाईक भाइरस रोग अवरोधी, कीराहरूले क्षति कम गर्ने ।

बाली पाक्ने समय : ७८ दिन

उत्पादकत्व : १.८४ (बीउ), टन/हेक्टर

पचास प्रतिशत फूल फुल्न लाग्ने समय : ४५ दिन

पौष्टिक तथा अन्य गुणः

प्रोटिनको मात्रा : १९.५६

उपयोगको उपयुक्त तरिका : बोडीको दाना तथा दाल पकाएर, हरियो कोषा र बीउ तरकारीको रूपमा ।

रेशा प्रतिशत : २.१५%

**विशिष्ट गुणहरूः**

१. दानाको रङ सेतो र आँखाको रङ निलोदेखि कालो (गाजल लगाए जस्तो) ।

२. छिटो पाक्ने र बढी उत्पादन दिने ।

# मालेपाटन-१

सूचिकृत बर्ष : २०६८

सिफारिस क्षेत्र: तराई भित्री मधेस तथा मध्य पहाडका टार तथा होचा क्षेत्रहरू (३०० देखि १००० मिटर) ।



**यस जातका विशेषताहरू:**

कोषाको रंग : हरियो

अन्नको रंग : खैरो रातो

बयस्क बिरूवाको पातको आकार : तिन पाते

बयस्क बिरूवाको पातको रंग : हरियो

फूलको रंग : सेतो र खरानी मिश्रित

दानाको आकार : अण्डाकार



**बालीका गुण तथा विशेषताहरू:**

प्रति बिरूवा कोषा संख्या : ३०

प्रति कोषा दाना संख्या : १३

बोटको औसत उचाई : ६० से.मी.

हजार दानाको तौल : १४२.५ ग्राम

**प्रतिरोधी विशेषताहरू :** सुख्खा सहन सक्ने

बाली पाक्ने समय : १०० दिन

उत्पादकत्व : १ टन/हेक्टर

५०% फूल फुल्न लाग्ने समय : ६० दिन



**पौष्टिक तथा अन्य गुण:**

प्रोटिनको मात्रा : २१.५८

उपयोगको उपयुक्त तरिका : बोडीको सुकेको दानाको दाल तथा तरकारी, हरियो कोषा तथा कमलो दाना तरकारीको रूपमा ।

**विशिष्ट गुणहरू:**

१. होचो जात र झुप्पामा फल लाग्ने ।

२. पाक्ने बेलासम्म कोषामा रेसा नलाग्ने र छोटो अवधिमा बाली तयार हुने ।

# प्रकाश

सूचिकृत बर्ष : २०४६

सिफारिस गरिएका क्षेत्रहरू : तराई र भित्री मधेस

**यस जातका विशेषताहरूः**

कोषाको रंग : गाढा हरियो

अन्नको रंग : गाढा खैरो

बयस्क बिरूवाको पातको रंग : गाढा हरियो

फूलको रंग : बैजनी

**बालीका गुण तथा विशेषताहरूः**

बोटको विशेषता : होचो बोट हुने जात

बोटको औसत उचाई : ३९ से.मी.

हजार दानाको तौल : १५२ ग्राम

**प्रतिरोधी विशेषताहरु :** लाही, पतेरो र फड्के कीराहरू कम लाग्छन् । पात डढुवा र web blight रोग सहन सक्ने क्षमत हुन्छ ।

बाली पाक्ने समय : ६० दिन

उत्पादकत्व : उत्पादन क्षमता- १.५७२, सरदर उत्पादन- ०.७५२ टन/हेक्टर

पचास प्रतिशत फूल फुल्न लाग्ने समय : ४० दिन

**पौष्टिक तथा अन्य गुणः**

प्रोटिनको मात्रा : ३२.१६

**विशिष्ट गुणहरूः**

१. सिंचित तथा असिञ्चित दुवै अवस्थामा खेति गर्न उपयुक्त हुन्छ ।

२. होचो जातको भएकोले टेका बिना खडा रहन्छ ।

## सन्दर्भ सामग्री


» बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन ललितपुर

» कृषि डायरी, २०७८

» बीउ बिजन प्रयोगशाला, गण्डकी प्रदेश, पोखरा



मनकामना - ६



गणेश - २



मनकामना - ५



मनकामना - ३



अरुण - २



मालेपाटन - १










061-468101/ 468087 seedlabgandaki@gmail.com seedlabgandaki.gov.np